# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन,
३ नं. प्रदेश, नेपाल

**स्थानीय तहमा वित्तीय हस्तान्तरण भई भरतपुर महानगरपालिकाबाट दोस्रो चौमासिकमा विद्यालयको खातामा निकासा गरिएको विद्यालय क्षेत्र विकास कार्यक्रम** ९क्कम्ए० **३५०८०६३।४ तर्फ शीर्षकगत कार्यक्रम र कार्यान्वयन प्रकृया**

आ.व. २०७४।०७५

## विद्यालय सहजीकरण पुस्तिका-२०७४

## शिक्षा शाखा

<table>
<tr><th>क्रियाकलाप</th><th>कार्यान्वयन प्रकिया</th></tr>
<tr><td>१. प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास / पूर्व प्राथमिक कक्षाका लागि अनुदान</td><td>क. प्रारम्भिक बाल शिक्षाका लागि शैक्षिक सामग्री, वालमैत्री कक्षा व्यवस्थापन गर्नका लागि प्रति विद्यार्थी वार्षिक रू ५०० का दरले प्रत्येक प्रारम्भिक बाल शिक्षा कक्षालाई एकमुष्ठ निकाशा गरिएको छ। उक्त रकमबाट प्रारम्भिक बाल शिक्षा व्यवस्थापन समितिको निर्णय अनुरूप बाल शिक्षा शिक्षकको राय सुझाव लिई प्रारम्भिक बाल शिक्षा को राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरू जस्तैः ब्लक, पुतली, नरम खेलौना, नरम बल, रिङ्, पजल आदि खरिद गर्ने र स्रोत केन्द्र मार्फत महानगरपालिकामा जानकारी दिने। केन्द्रमा रहेका सिकाइ सामग्रीको प्रभावकारी रूपमा प्रयोगका लागि खरिद र पठनपाठनको व्यवस्था मिलाउने। हरेक वर्ष खरिद गरिएको बाल सिकाइ सामग्रीको विवरणको सूची सवैले देख्ने गरी प्रारम्भिक बाल शिक्षा कक्षामा टाँस्नुपर्ने छ।</td></tr>
<tr><td>२. विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-५,८,१०,१२)</td><td>विद्यालय सञ्चालन मसलन्द खर्चलाई देहायको आधारमा विद्यालयमा अनुदान दिईएको छ। यस कार्यक्रमबाट विद्यालय सञ्चालन, व्यवस्थापनका साथै बिधालय तहको Excel Based IEMIS को तयारी र प्रयोग सम्बन्धी सबै कार्यहरु गराउने । बिद्यालयमा एकमुष्ठ सञ्चालन मसलन्दबाट गरिने कार्यहरूको कार्य/योजना र वजेट विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ कार्यान्वयन र खर्च गर्ने ।<br><br>क) कक्षा १ -५ सञ्चालित विद्यालयको लागिः वार्षिक रू. १५,०००/<br>ख) आधारभूत तह प्रति सामुदायिक विद्यालय कक्षा १ -८ सञ्चालित लाई वार्षिक रू. २०,०००।<br>ग) माध्यमिक विद्यालय कक्षा १-१० प्रति सामुदायिक माध्यमिक विद्यालयलाई वार्षिक रू. २५,०००।<br>घ) माध्यमिक तह कक्षा १-१२ सञ्चालन भएका विद्यालयहरूका लागि माविहरूलाई वार्षिक रू. ३०,०००।</td></tr>
<tr><td>३. विद्यालय कर्मचारी व्यबस्थापन अनुदान</td><td>आधारभूत तथा माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारी व्यवस्थापनका लागि देहाय अनुसारको रकम पारिश्रमिकको रुपमा चौमासिक निकासा दिइएको छ। प्रत्येक चौमासिकमा विद्यालय कर्मचारीका लागि तोकिए वमोजिम आवश्यक रकम माग फाराम भरी माग गर्नुपर्नेछ र निकासा दिइएको अनुदान रकम तोकिए वमोजिम मासिक रुपमा पारिश्रमिक खर्च गरी वील भरपाई पेश गर्नुपर्नेछ।<br><br>
<table>
<tr><td>आधारभूत तह कक्षा १-२ सम्म</td><td>१ जना विद्यालय सहयोगीका लागि बार्षिक रु २६०००। पारिश्रमिक बराबरको अनुदान</td></tr>
<tr><td>आधारभूत तह कक्षा १-३ सम्म</td><td>१ जना विद्यालय सहयोगीका लागि मासिक रू.4000। का दरले १३ महिनाको पारिश्रमिक बराबरको अनुदान</td></tr>
<tr><td>आधारभूत तह कक्षा १-५</td><td>१ जना विद्यालय सहयोगीका लागि मासिक रू.४५00। का दरले १३ महिनाको पारिश्रमिक बराबरको अनुदान</td></tr>
<tr><td>आधारभूत तह कक्षा १-८</td><td>१ जना विद्यालय सहयोगीका लागि मासिक रू.७५00। का दरले १३ महिनाको पारिश्रमिक बराबरको अनुदान</td></tr>
<tr><td>माध्यमिक तह कक्षा १-१०</td><td>१ जना विद्यालय सहयोगीका लागि मासिक रू.७,५०० का दरले १३ महिनाको पारिश्रमिक बराबरको अनुदान<br>१ जना विद्यालय सहायक कर्मचारीका लागि लागि मासिक रू.११,५०० का दरले १३ महिनाको पारिश्रमिक बराबरको अनुदान</td></tr>
<tr><td>माध्यमिक तह कक्षा १-१२</td><td>१ जना विद्यालय सहयोगीका लागि मासिक रू.७,५०० का दरले १३ महिनाको पारिश्रमिक बराबरको अनुदान<br>१ जना विद्यालय सहायक कर्मचारीका लागि लागि मासिक रू.११,५०० का दरले १३ महिनाको पारिश्रमिक बराबरको अनुदान</td></tr>
</table></td></tr>
<tr><td>४. शिक्षण सिकाइ सामग्री तथा Book Corner ब्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान -PMEC ( कक्षा १-१२)</td><td>विद्यालयको प्रत्येक तहका विद्यार्थी सङ्ख्या IEMIS का आधारमा निम्न तालिका वमोजिम उक्त प्रति विद्यार्थी अनुदान तह अनुसार नै गुणन गरी प्रति विद्यालयले पाउने एकमुष्ठ अनुदान निकासा दिइएको छ। विद्यालयको हकमा वि.व्य.स. को निर्णयबमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री, विद्यालयको शिक्षाको गुणस्तर सुधार सामान्य मर्मत सम्भार तथा PMEC को Book Corner तथा सिकाइ सामग्री लगायतका क्षेत्रमा खर्च गर्न सकिने छ।<br>
<table>
<tr><td>आधारभूत तह कक्षा १-५</td><td>प्रति विद्यार्थी रू. १५०।-</td></tr>
<tr><td>आधारभूत तह कक्षा ६-८</td><td>प्रति विद्यार्थी रू. २००।-</td></tr>
<tr><td>माध्यमिक तह कक्षा ९-१०</td><td>प्रति विद्यार्थी रू. २००।-</td></tr>
<tr><td>माध्यमिक तह कक्षा ११-१२</td><td>प्रति विद्यार्थी रू. २५०।-</td></tr>
</table></td></tr>
</table>

| | |
|---|---|
| ५. आधारभूत तथा माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ विद्यालय सुधार योजना, समुदाय तथा वि.व्य.स. हरुको क्षमता विकासका लागि अन्तर्क्रिया, अभिभाबक शिक्षा सञ्चालन,अतिरिक्त क्रियाकलाप सञ्चालन आदी का लागि एकमुष्ठ अनुदान | क) स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आधारभूत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु.१५,०००।- का दरले तथा माध्यमिक तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु.२००००।- का दरले निकासा दिइएको छ । यस प्रकारका अनुदान विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्ने गरी विद्यालयहरुको खातामा उपलब्ध गराइएको छ ।<br>ख) विद्यालयले यस क्रियाकलाप अन्तर्गत प्राप्त रकमबाट सरोकारवालाहरुको सहभागितामा विद्यालय सुधार योजनाका आधारमा तयार गरिएको वार्षिक कार्यान्वयन योजना अनुसारको प्रगति चौमासिक रुपमा समिक्षा गर्नुपर्नेछ । विव्यस/शिअसं/अभिभावक/शिक्षक/विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न क्षमता विकासका क्रियाकलाप तथा विद्यार्थीहरुको प्रतिभा विकासका लागि अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्नेछ ।<br>ग) विद्यालयहरुले विपद् व्यवस्थापनलाई समेत समावेश गरी विद्यालय सुधार योजनाको आगामी शैक्षिक सत्रको लागि वार्षिक कार्यान्वयन योजना अनिवार्य रुपले निर्माण गर्ने । वार्षिक अद्यावधीकरणका लागि कम्तिमा एक दिने विद्यालयस्तरीय कार्यशाला सरोकारवालाहरुको सहभागितामा सञ्चालन गर्ने । विद्यालय सुधार योजना तयार गर्दा विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ तथा विद्यालय सुधार योजना अद्यावधिक एवं ***विद्यालय विपद् तयारी स्रोत सामग्री*** ले तोकेको ढाँचाका आधारमा निर्धारित समयावधिमा कार्य सम्पन्न गरी महानगरपालिकामा SIP को Hardcopy र Softcopy सहित पठाउनु पर्नेछ । |
| ६. आधारभूत र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्यांकन व्यबस्थापन, बुलेटिन प्रकासन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | क) भरतपुर महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभूत तह (कक्षा १-५, कक्षा १-८) सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु.१०,०००।- का दरले र माध्यमिक तह (कक्षा १-१०, कक्षा १-१२) सञ्चालित प्रति विद्यालयलाई १५,०००।- का दरले निकासा दिइएको छ । यस बजेटबाट निम्नानुसारका कार्यहरु सम्पन्न गर्ने गराउने, जसबाट सबै सामुदायिक विद्यालय साथै संस्थागत विद्यालयहरुले आफ्नो स्रोतबाट लेखापरिक्षण गरी गराई पारदर्शिता, जवाफदेहिता र विद्यालयमा हुनुपर्ने सबै प्रकारका तथ्यांक एवं सूचनाहरुको व्यवस्थापनको सुनिश्चितता गराउने ।<br>ख) विद्यालयहरुले आ-आफ्नो कार्ययोजना वमोजिम यस कार्यक्रमका लागि जम्मा प्राप्त रकम मध्येबाट शिक्षा नियमावलीको नियम १७१ (क) वमोजिमको समिति गठन गरी तथा सामाजिक परिक्षण निर्देशिका (पहिलो संसोधन २०७१ सहित) २०६५ अनुसार सामाजिक परिक्षण गर्ने, गराउने । चौमासिक निकासा माग गर्दा सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।<br>ग) तोकिए वमोजिमको आ-आफ्नो विद्यालयको Excel based को Electronic EMIS File आगामी २०७४ चैत २३ गते र २०७५ जेठ ७ गतेको विद्यार्थी संख्यालाई आधार मानी २०७५ जेठ २० गते भित्रमा भरतपुर महानगरपालिकामा पठाउने व्यवस्था मिलाउने । आ-आफ्नो विद्यालयको Excel based को Electronic EMIS File तयार भएपछि भरतपुर महानगरपालिकाको निर्देशन अनुसार तयार गर्नुपर्ने विद्यार्थीको रिपोर्ट कार्ड र अन्य कार्यहरु गरी विद्यालयका मुख्य मुख्य सूचक सहितका सूचनाहरुलाई प्रकाशित गरी सरोकारवालाहरु समक्ष प्रवोधीकरण गर्ने व्यवस्था मिलाउने । मुख्य मुख्य सूचक सहितको शैक्षिक गतिविधि समेटी वार्षिक रुपमा वुलेटिन प्रकाशन गरी सो को एक-एक प्रति स्रोतकेन्द्र, भरतपुर महानगरपालिकामा पठाउने । विद्यालयले उल्लेखित क्रियाकलापका अतिरिक्त विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम अत्यावश्यक अन्य क्रियाकलाप सञ्चालन गर्नसक्ने ।<br>घ) उल्लेखित कार्यहरु समयमै सम्पन्न नगर्ने विद्यालयलाई भरतपुर महानगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधाहरुबाट बञ्चित गरिनेछ । |
| ७. कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि पाठ्यपुस्तक अनुदान (कक्षा ४ र ५ को रंगिन पाठ्यपुस्तकको लागि थप अनुदान समेत) | १. प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयको खातामा स्वीकृत मूल्य सूची वमोजिम अनुदान रकम निकासा दिइएको छ, जसको निम्नानुसार खर्च गर्ने व्यवस्था गर्नुपर्नेछः-<br>क) स्थानीय तहबाट प्राप्त रकमबाट शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी अभिभावकहरुको भेला गरी विद्यार्थीहरुलाई वितरण गर्ने ।<br>ख) विद्यालयहरुले विद्यार्थीहरुलाई हरेक वर्ष हरेक कक्षामा नयाँ पाठ्यपुस्तक खरिद गरी वितरण गर्नुपर्ने ।<br>ग) विद्यालयहरुले विद्यार्थीहरुलाई नयाँ पाठ्यपुस्तक वितरण गर्नुभन्दा पहिले अघिल्लो वर्ष निजहरुलाई वितरित पाठ्यपुस्तकहरु फिर्ता लिई उपयोग योग्य पुस्तकहरु पुस्तकालय वा कक्षा कोठाभित्र पुस्तक कुना (Book Corner) मा राख्ने व्यवस्था गर्ने ।<br>घ) विद्यालयले समयमा पाठ्यपुस्तक खरिद नगरेमा, पुराना पाठ्यपुस्तक प्रयोग गरी निःशुल्क पाठ्यपुस्तकका लागि निकासा भएको रकम अन्य शीर्षकमा खर्च गरेमा, अनुमति प्राप्त नगरेको संस्थाबाट छपाई भएको पाठ्यपुस्तक खरिद गरी प्रयोग गरेमा कानुन बमोजिम कारवाही हुनेछ । |
| ८. सामुदायिक विद्यालयमा आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृत्ति (छात्रा छात्रवृत्ति कक्षा १-८) | क) भरतपुर महानगरपालिका भित्रका विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्राहरुलाई प्रति विद्यार्थीले वार्षिक न्युनतम रु.४००।- छात्रबृत्ति पाउने अवस्था सुनिश्चित गर्न छात्रवृत्ति वितरणका आधारहरु र रकम विद्यालयको सूचना पाटीमा अनिवार्य रुपले टाँस गर्ने ।<br>ख) विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवं आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरु तय गरी छात्रबृत्ति पाउने छात्राहरुको नामावली सहितको विवरण अद्यावधिक गर्ने । सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाउने ।<br>ग) यो छात्रवृत्ति अन्य कुनै किसिमको छात्रवृत्ति नपाएका र विद्यालयमा नियमित अध्ययन गरिरहेका छात्राहरुलाई मात्र दोहोरो नपर्ने गरी अभिभावकहरुको रोहवरमा वितरण गर्ने व्यवस्था मिलाई सो को नामेसीसहितको विवरण भरतपुर महानगरपालिकामा अद्यावधिकको लागि पठाउने ।<br>घ) शैक्षिक सत्र २०७५ साल बैशाखमा भर्ना भएकाले मात्र छात्रवृत्ति पाउने भएकाले निजहरुलाई मात्र छात्रवृत्ति उपलब्ध गराउनु पर्ने ।<br>ङ) छात्रवृत्तिको लागि आवश्यक रकम भरतपुर महानगरपालिकाबाट विद्यालयको खातामा निकासा दिइएको छ । |

| | |
|---|---|
| ९. सामुदायिक विद्यालयमा आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृत्ति (दलित छात्रवृत्ति कक्षा १-८) | क) भरतपुर महानगरपालिबाट सामुदायिक विद्यालयमा कक्षा १-८ अध्ययनरत दलित छात्रछात्राहरुलाई प्रति विद्यार्थीले वार्षिक न्युनतम रु. ४००।- का दरले छात्रवृत्ति पाउने अवस्था सुनिश्चित गर्न छात्रवृत्ति वापतको आवश्यक रकम विद्यालयको खातामा निकासा दिइएको छ ।<br>ख) विद्यालयमा उपलब्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरू विकास गरी प्रति छात्रछात्रा वार्षिक रू ४००।– सम्मका दरले व्यवस्थापन समितिबाट नीतिगत निर्णय गराई वितरण गर्ने, रकम पाउने छात्रछात्राको नामावली तयार गरी निर्णय गर्ने र सो विवरण विद्यालयको सूचना पाटीमा टाँस्न लगाउने ।<br>ख) विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवं आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरु तय गरी छात्रवृत्ति पाउने छात्रछात्राहरुको नामावली सहितको विवरण अद्यावधिक गर्ने । सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाउने ।<br>ग) यो छात्रवृत्ति अन्य कुनै किसिमको छात्रवृत्ति नपाएका र विद्यालयमा नियमित अध्ययन गरिरहेका छात्रछात्राहरुलाई मात्र दोहोरो नपर्ने गरी अभिभावकहरुको रोहवरमा वितरण गर्ने व्यवस्था मिलाई सो को नामेसीसहितको विवरण भरतपुर महानगरपालिकामा अद्यावधिकको लागि पठाउने ।<br>घ) शैक्षिक सत्र २०७५ साल बैशाखमा भर्ना भएकाले मात्र छात्रवृत्ति पाउने भएकाले निजहरुलाई मात्र छात्रवृत्ति उपलब्ध गराउनु पर्ने । |
| १०. कक्षा ११-१२ मा अध्ययनरत तोकिएका लक्षित वर्गका विद्यार्थीहरुका लागि पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाइ अनुदान | क. सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ११-१२ मा अध्ययनरत लक्षित समूह छात्रा, दलित, कर्णाली अञ्चल, सीमान्तकृत र लोपोन्मुख समूह का विद्यार्थीहरूलाई पुस्तकालयबाट नै पाठ्यपुस्तक लैजाने गरी व्यवस्थापन गर्न प्रति विद्यालय रू ५०,०००।- का दरले विद्यालयलाई एकमुष्ठ निकासा उपलब्ध गराइएको छ।<br>ख) विद्यालयले प्राप्त निकासा रकमबाट पा.पु. खरिद गरी पुस्तकालयमा राख्ने र पुस्तकालय कार्डको व्यवस्था गरी विद्यार्थीहरूले पुस्तकालयबाट अवधि तोकि पा.पु. लैजाने र अनिवार्य रुपमा फिर्ता गर्ने व्यवस्था मिलाउने । |
| ११. दलित छात्रवृत्ति (कक्षा ९-१०) गैर अवासीय | क) भरतपुर महानगरपालिकाबाट कक्षा ९ र १० मा भर्ना भई अध्ययनरत दलित छात्रछात्राहरुलाई प्राप्त कोटा र रकमसमेतलाई ध्यानमा राखी प्रति विद्यार्थीले वार्षिक रु.५००।- पाउने गरी छात्रवृत्ति वापतको आवश्यक रकम विद्यालयको खातामा निकासा दिइएको छ ।<br>ख) विद्यालयको माध्यमिक तहमा अध्ययनरत सम्पूर्ण दलित छात्रछात्राहरुले पाउने तथा एकजना विद्यार्थीले एकभन्दा बढी छात्रवृत्ति नपाउने गरी व्यवस्था मिलाउने । छात्रवृत्ति वितरणका आधारहरु र रकम विद्यालयको सूचना पाटीमा अनिवार्य रुपले टाँस गर्ने ।<br>ग) विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवं आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरु तय गरी छात्रबृत्ति पाउने छात्रछात्राहरुको नामावली सहितको विवरण अद्यावधिक गर्ने । सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाउने ।<br>घ) यो छात्रवृत्ति अन्य कुनै किसिमको छात्रवृत्ति नपाएका र विद्यालयमा नियमित अध्ययन गरिरहेका छात्रछात्राहरुलाई मात्र दोहोरो नपर्ने गरी अभिभावकहरुको रोहवरमा वितरण गर्ने व्यवस्था मिलाई सो को नामेसीसहितको विवरण भरतपुर महानगरपालिकामा अद्यावधिकको लागि पठाउने ।<br>ङ) शैक्षिक सत्र २०७५ साल बैशाखमा भर्ना भएकाले मात्र छात्रवृत्ति पाउने भएकाले निजहरुलाई मात्र छात्रवृत्ति उपलब्ध गराउनु पर्ने । |
| १२. निरन्तर विद्यार्थी मूल्याङ्कन लागि आबश्यक सामाग्री अनुदान | १. यस कार्यका लागि कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थी संख्यालाई एकाई लागत निर्धारण गर्ने आधार मानी प्रति विद्यार्थी रु. १०० का दरले रकम विनियोजन भएको छ । सो रकम निम्नानुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।<br>क) कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको कार्य सञ्चयिका फाराम व्यवस्था गर्ने ।<br>ख) तोकिएका सिकाइ उपलब्धि र विद्यार्थीको व्यक्तिगत सिकाई योजना अनुसार सिकाई सुनिश्चितता गर्न सिकाई लेखाजोखा र उपचारात्मक शिक्षण गर्ने । विद्यालयहरुले प्राप्त रकमबाट आधारभूत तहको कक्षा १ मा नयाँ भर्ना भएका प्रत्येक विद्यार्थीको लागि एक एक वटा फाइल खडा गर्ने र यस कार्यक्रमको लागि रकम पुग्ने भएमा प्रत्येक विद्यार्थीको विषयगत रुपमा समेत फाइल राख्न सकिने ।<br>ग) विद्यार्थीको फाइल आवश्यकता अनुसार विद्यार्थीका सिर्जनात्मक कार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, कक्षा सहभागिता, हाजिरीजस्ता विभिन्न अभिलेख समेत राखी तिनीहरुको आधारमा मूल्याङ्कन गर्ने परिपाटी बसाउनुपर्ने र उक्त फाइल माथिल्लो कक्षामा समेत उपयोग गर्ने ।<br>निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा उपलब्ध भएकोले तहाँबाट डाउनलोड गरी प्रयोग गर्नुपर्ने । |
| १३. प्रारम्भिक बाल शिक्षाका बाल शिक्षा शिक्षकरुको पारिश्रमिक | क) विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत वालविकास सहयोगी कार्यकर्ताको पारिश्रमिक प्रति महिना रु.६००० को दरले चाडपर्व खर्चसहित १३ महिनाको हुन आउने रकम चौमासिक रुपमा विद्यालयको खातामा निकासा दिइएको छ, उक्त रकम विद्यालयको खाताबाट मासिक रुपमा पारिश्रमिक दिनुपर्नेछ । पारिश्रमिक निकासा माग गर्दा सम्वन्धित विद्यालयले सहयोगी कार्यकर्ताको प्रमाणित हाजिरी र माग फाराम पेश गर्नुपर्ने । सम्वन्धित विद्यालयहरुले Flash फाराम भर्दा प्रारम्भिक बाल कक्षाको तथ्यांक अनिवार्य रुपमा भरेको हुनुपर्ने छ । |